

# भिसा रद्द हुनु भनेको के हो?

जब कसैको भिसा रद्द हुन्छ, यसको मतलब उनीहरूसँग अब रद्द गरिएको भिसा हुँदैन र अष्ट्रेलियामा रहन सक्दैनन् वा त्यो भिसामा अष्ट्रेलिया आउन सक्दैनन्। भिसा रद्द गर्नु विवेकपूर्ण, अनिवार्य वा कानूनको कार्यान्वयन मार्फत हुन सक्छ। भिसा रद्द भइपछि सो व्यक्ति अष्ट्रेलियामा गैरकानुनी बन्न सक्छ, भविष्यका कुनै पनि आवेदनहरूलाई असर गर्न सक्छ वा व्यक्तिलाई निश्चित भिसा प्रदान गर्नबाट रोक्न सक्छ।

तपाईंको सम्पर्क विवरणहरू गृह मामिला विभागसँग जहिले पनि अद्यावधिक राख्नु महत्त्वपूर्ण छ ताकि तपाईं उनीहरूबाट कुनै पत्राचार वा पत्रहरू छुटाउनुहुन्न।

## रद्द गर्ने आशयको सूचना

यदि उनीहरूले तपाईंको भिसा रद्द गर्ने विचार गरिरहेका छन् भने तपाईंले गृह मामिला विभागबाट रद्द गर्ने आशयको सूचना पाउन सक्दछ। अस्थायी र स्थायी दुबै भिसा रद्द गर्न सकिन्छ। यस सूचनालाई जवाफ दिने समयसीमा कडा छ र ५ कामकाजी/कार्य दिन जतिको छोटो अवधि हुन सक्छ। कुनै प्रतिक्रिया प्रदान नगर्नाले गृह मामिला विभागले भिसा रद्द गर्ने निर्णय गर्न सक्छ। तपाईंको प्रतिक्रियाको लागि सही आवश्यक समय सीमा के हो भनेर जाँच गर्न सूचना पढ्नु महत्त्वपूर्ण छ।

यदि तपाईंलाई व्यक्तिगत रूपमा सूचना दिइयो भने, तपाईंको भिसा तुरुन्त रद्द गर्न सकिन्छ। यदि यस्तो भयो भने जवाफ दिन पर्याप्त समय माग्नुहोस्।

## यदि तपाईंले रद्द गर्ने आशयको सूचना प्राप्त गर्नुभयो भने तपाईंले लिने कदमहरू

1. सूचनालाई राम्ररी पढ्नुहोस् र प्रतिक्रियाको लागि सान्दर्भिक समयसीमा के हो भनेर ध्यान दिनुहोस्।
2. सल्लाहको लागि तुरुन्तै आप्रवासन वकिल वा एजेन्टलाई सम्पर्क गर्नुहोस्।
3. तपाईंको वकिल/ एजेन्टको सहयोगमा, NOICC समयसीमा भित्र गृह मामिला विभागलाई जवाफ दिनुहोस्।

Queensland Migrant WorkWise
migrantworkwise@qcu.asn.au
qldmigrantworkwise.com

# रद्द गर्ने आशयको सूचना

!

यदि उनीहरूले तपाईंको भिसा रद्द गर्ने विचार गरिरहेका छन् भने तपाईंले गृह मामिला विभागबाट रद्द गर्ने आशयको सूचना पाउन सक्दछ। अस्थायी र स्थायी दुबै भिसा रद्द गर्न सकिन्छ। यस सूचनालाई जवाफ दिने समयसीमा कडा छ र ५ कामकाजी/कार्य दिन जतिको छोटो अवधि हुन सक्छ। कुनै प्रतिक्रिया प्रदान नगर्नाले गृह मामिला विभागले भिसा रद्द गर्ने निर्णय गर्न सक्छ।

तपाईंको प्रतिक्रियाको लागि सही आवश्यक समय सीमा के हो भनेर जाँच गर्न सूचना पढ्नु महत्त्वपूर्ण छ।

यदि तपाईंलाई व्यक्तिगत रूपमा सूचना दिइयो भने, तपाईंको भिसा तुरुन्त रद्द गर्न सकिन्छ। यदि यस्तो भयो भने जवाफ दिन पर्याप्त समय माग्नुहोस्।

# यदि तपाईंले रद्द गर्ने आशयको सूचना प्राप्त गर्नुभयो भने तपाईंले लिने कदमहरू

1

सूचनालाई राम्ररी पढ्नुहोस् र प्रतिक्रियाको लागि सान्दर्भिक समयसीमा के हो भनेर ध्यान दिनुहोस्।

2

सल्लाहको लागि तुरुन्तै आप्रवासन वकिल वा एजेन्टलाई सम्पर्क गर्नुहोस्।

3

तपाईंको वकिल/ एजेन्टको सहयोगमा, NOICC समयसीमा भित्र गृह मामिला विभागलाई जवाफ दिनुहोस्।